म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- १५५ २०८० वैशाख १६ गते शनिबार 29 April 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

### बालमैत्री मनहरीमा ७ बालश्रमिकको उद्धार

# बालश्रम प्रयोग गर्ने हेटौंडाका व्यवसायीलाई जरिवाना

समाज संवाददाता

हेटौंडाः बालमैत्री पालिका घोषणा भएको मकवानपुरको मनहरी गाउँपालिकामा एकैदिन ७ जना बालश्रमिकको उद्दार गरिएको छ। बिहिबार श्रम कार्यालय हेटौंडाको अगुवाईमा भएको अनुगमनमा मनहरीमा ७ जना बालश्रमिकको उद्दार गर्नुका साथै हेटौंडाका एकजना व्यवसायीलाई बालश्रम प्रयोग गरेको भन्दै जरिवाना गरेको छ ।

बालश्रमको समस्यालाई सम्बोधन गर्न बाल हेल्पलाइन, मनहरी गाउँपालिका र श्रम कार्यालयको संयुक्त अनुगमन टोलीले मनहरी गाउँपालिकाका होटल, ग्यारेज लगायतका स्थानमा निरीक्षण गरेको थियो। निरीक्षणका क्रममा टोलीले मनहरी वडा नम्बर ६ को सन्दिप होटलमा २ जना बालिका र लोथर होटलमा १ जना बालक, मनहरी-७ को सिन्तान गाडीवास सेन्टरमा ३ जना बालक, मनहरी-८ को श्रेष्ठ होटलमा १ जना बालक गरी ७ जना बालबालिका बालश्रम गरिहेको अवस्थामा फेला पारेको मनहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहन श्रेष्ठले जानकारी दिनुभएको छ । श्रममा रहेका बालबालिकाहरु १२ वर्षदेखि १६ वर्षसम्मका रहेको बताइएको छ ।

श्रम कार्यालय हेटौंडाको अगुवाईमा सरोकारवाला निकायका प्रतिनिधि सम्मिलित अनुमगन टोलीले १४ वर्षीय बालकलाई श्रममा लगाएको पाइएपछि श्रम कार्यालयले हेटौंडा-११, थानाभन्ज्याङस्थित कटन क्यान्डि कारखानाका सञ्चालक श्याम मालीलाई जरिवाना गरेको छ । श्रममा रहेका बालकको उद्दार गरी परिवारको जिम्मा लगाइएको सिविन बालहेल्पलाइन हेटौंडाका प्रबन्धक झविन्द्र ज्ञवालीले जानकारी दिनुभएको छ। एक महिना अगाडि उद्दार गरी बाल हेल्पलाइको संरक्षणमा पठाइएको बालकलाई पुनः कटन क्याण्डी बेच्ने काममा लगाएको पाइएपछि जरिवाना गरिएको ज्ञवालीको भनाइ छ। श्रम तथा रोजगार कार्यालयका निमित्त कार्यालय प्रमुख भिम शर्मा, हेटौंडा उपमहानगर पालिकाका निर्मला दाहाल, बालमैत्री सहजकर्ता रस्मिता कुमारी रिजाल, बाल हेल्पलाइनका प्रबन्धक झबिन्द्र ज्ञवालीसहितको टोलीले अनुगमन गरेको हो ।

आगामी दिनमा बालश्रमको प्रयोग नगर्ने प्रतिवद्धता कटन क्यान्डि संचालक मालीले गरेका छन् । बालकलाई बुबा सकल महरा चमारको जिम्मा लगाइएको छ भने आगामी दिनमा बालश्रममा नपठाउने बालकका बुबाले बताएका छन् । हेटौंडामा एक मात्र कटन क्यान्डि रहेको र पटक पटक बालश्रम प्रयोग नगराउन चेतावनी दिँदा समेत अटेर गरेकोले जरिवाना गर्नु परेको जनाइएको छ ।

बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ ले १६ वर्षसम्मका बालबालिकालाई जोखिमपूर्ण कार्यमा लगाउन निषेध गरेको छ । बालश्रम अनुगमन गरिएका व्यवसाय संचालकहरुलाई छिटो भन्दा छिटो बालबालिकालाई पारिवारिक पुनःस्थापना गराउन निर्देशन समेत दिइएको र अटेर गरेमा कारवाहि गरिने श्रम कार्यालयका भिम शर्माले बताउनुभयो । अनुगमन टोलीमा मनहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठ, लेखा प्रमुख राजेन्द्र भट्टराई, श्रम तथा रोजगार कार्यालयका भिम शर्मा, मनहरी गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख शिला अधिकारी, सामाजिक विकास शाखा प्रमुख शैलेस बासकोटा, बाल हेल्पलाइनका प्रबन्धक झबिन्द्र ज्ञवाली, बालअधिकार समितिका प्रतिनिधि देवकी ढुङ्गाना, अस्मिता कार्की र प्रहरीको सहभागिता रहेको थियो ।

# मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२८ साझापुरमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । दुर्घटनामा परी एक जना घाईते भएका छन् ।

बिहिबार राति ११ बजेको समयमा ना २२ प ६८०० नम्बरको मोटरसाईकलले ठक्कर दिँदा ५५ वर्षीय जलवा महतोको मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकलको ठक्करबाट महतो गम्भिर घाईते भएका थिए । घाईते महत्वलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा उपचारका क्रममा ११ बजेर ४३ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेका थिए। मोटरसाइकल चालक भरतपुर-२७ का ३४ वर्षीय शिवनारायण महतो पनि घाइते भएका थिए । घाईते महतोको चितवन मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# मकवानपुर-११ गोलबजार मेयर गोल्डकपको फाइनलमा



मकवानपुर-११ फुटबल टिम ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर-११ फुटबल टिम सिराहामा जारी छैठौं संस्करणको गोलबजार मेयर गोल्डकप प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा वीरगञ्ज युनाइटेडलाई २-१ गोलअन्तरले हराउँदै मकवानपुर-११ प्रतियोगिताको फाइनलमा प्रवेश गरेको मकवानपुर जिल्ला फुटबल संघका सचिव छवि सुवेदीले जानकारी दिनुभयो ।

मकवानपुरको जितमा अभिषेक लामाले एक गोल गरे भने एक गोल आत्मघाती उपहार पाएको हो। वीरगञ्जका लागि कृपा चौधरीले गोल गरे पनि टिमलाई हारबाट जोगाउन भने सकेनन् । म्यान अफ द म्याच मकवानपुरका समीर तामाङ घोषित भए । दोस्रो सेमीफाइनल खेल सर्लाहीको सलहेस युवा क्लब र गुरुधाम फुटबल क्लबबीच शनिबार हुनेछ । प्रतियोगिताको विजेताले नगद २ लाख ५१ हजार रुपैयाँ प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख ५१ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

मकवानपुर-११ ले पछिल्लो पटक विभिन्न जिल्लामा भइरहेको प्रतियोगितामा सहभागिता जनाउँदै उत्कृष्ट प्रदर्शन गर्दै आएको छ। यसअघि सिमरा गोल्डकपमा मकवानपुर सेमिफाइनलमा प्रवेश गरेको थियो ।

# हेटौंडामा आज साइकल रन हुँदै



समाज संवाददाता

हेटौंडाः खुला हेटौंडा साइकल रन प्रतियोगिता आज शनिबार हुँदैछ । प्रतियोगिता बिहान ७ बजे हेटौंडा-४ स्थित हुप्रचौरबाट सुरु हुनेछ ।

हुप्रचौरबाट सुरु भई करिब २० किलोमिटर दुरी पार गरेर पुनः हुप्रचौरमा आएर प्रतियोगिता समापन हुनेछ। मकवानपुर जिल्लाभित्रका इच्छुकहरुले शनिबार बिहान ६ बजेर ४५ मिनेटसम्म प्रतियोगितामा सहभागी हुन सक्ने जनाइएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ५०, ३० र २० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, सान्त्वना हुने दुई जनाले नगद १०-१० हजार रुपैयाँ प्राप्त गर्ने जनाइएको छ । हेटौंडा उपमहानगरपालिकाले गएको बैशाख ३ गते नयाँ वर्षको अवसरमा हेटौंडा खुला रन प्रतियोगिता आयोजना गरेको थियो ।

# अफिमसहित मानिस र गाडी नियन्त्रणमा

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध अफिमसहित मानिस र गाडी नियन्त्रण लिएको छ । शुक्रबार हेटौंडा-१०, बसपार्कमा रोकिराखेको भारतीय गाडीलाई सुरक्षा जाँच गर्ने क्रममा अफिम ३ सय मिलिग्राम फेला पारेको प्रहरीले जनाएको छ ।

बसपार्कमा रोकिराखेको बीआर ०६ सिजेट ३५०५ नम्बरको भारतीय गाडी नारायण यादवको कमाण्डमा खटिएको प्रहरी टोलीले सुरक्षा जाँच गर्ने क्रममा अफिम फेला पारेको हो । प्रहरीले गाडी चालक भारतको मोतिहारी फुलबारीया बस्ने २८ वर्षीय मुकेशप्रसाद पासवान, गाडीमा सवार ३० वर्षीय पिंकु शर्मा र गाडीमा सवार ४५ वर्षीय कपिलदेव सहनीलाई पक्राउ गरेको जनाएको छ ।

# महिलाहरुलाई पञ्चेबाजा तालिम



सनई बजाएर तालिमको उद्घाटन गर्नुहुँदै नगरप्रमुख मिना कुमारी लामा ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानागपालिका १ नम्बर वडाले वडाका महिलाहरुलाई पञ्चेबाजा तालिम सुरु गरेको छ। शुक्रबार वडा कार्यालयको आर्थिक सहयोगमा परम्परागत पञ्चेबाजा प्रवर्द्धन र महिलाको आर्थिक विकासका लागि प्रशिक्षण सुरु भएको हो।

वडा कार्यालयले तालिमका लागि एक लाख ७० हजार रकम विनियोजन गरेको छ। तालिममा २५ जना महिलाहरुको सहभागिता रहेको छ। २ महिने तालिमबाट परम्परागत संस्कृतिको जगेर्ना गर्न सहयोग पुग्ने वडा अध्यक्ष सविन न्यौपानेले बताउनुभयो। बाजा कुनै जात-धर्मले बजाउने नभई यसलाई आय-आर्जनको रुपमा लिएर अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

बाजा बजाउने काम सधैं गर्नु नपर्ने, सिजनामा मात्र काम गर्नुपर्ने र राम्रो आम्दानी हुने पेसा भएकाले वडा कार्यालय सक्रिय भएर लागिपरेको उहाँले जानकारी दिनुभयो । तालिमका सहभागीहरुलाई सिकेको सीपको भरपुर उपयोग गर्न न्यौपानेले आग्रह गर्नुभयो। आगामी आर्थिक वर्षमा वडा कार्यालयले बाजा खरिद गर्ने उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका मेयर मीनाकुमारी लामाले महिलाहरुले तालिमबाट बाजा बजाउने सीप हासिल गरी आगामी दिनमा महिलाहरु पुरुषसँग प्रतिस्पर्धा गर्नसक्ने हुनुपर्ने बताउनुभयो । प्रशिक्षणबाट महिलाहरुले काम सुरु गरेमा पञ्चेबाजा बजाउन हेटौंडाका महिलाहरुलाई इतिहासका रुपमा लिने उहाँको भनाई छ।

पहिले पालिकाले यस्ता कार्यक्रम ल्याए पनि महिलाले खासै चासो नदिएको बताउँदै मेयर लामाले अहिले महिलाको चासोमा वडा कार्यालयले राम्रो काम गरेको बताउनुभयो । मेयर लामाले पालिकाबाट प्रशिक्षणमा सहभागीहरुलाई एकै किसिमको पोशाकको व्यवस्था गर्ने आश्वासन दिनुभयो। प्रशिक्षणबाट सिकेका महिलाहरुलाई पालिकाले गर्ने हरेक कार्यक्रम र प्रदेशले गर्ने कार्यक्रममा जोड्ने बताउनुभयो।

कार्यक्रममा वरिष्ठ पत्रकार प्रताप बिष्टले महिलाहरुलाई अगाडि ल्याउने र पञ्चेबाजाको संरक्षण हुने भएको बताउँदै महिला र पुरुषको प्रतिस्पर्धा गराउने पेसा बनाउन जोड दिनुभयो । विकास भनेको बाटो ढलान गर्नुमात्र नभई यस्ताखालका कार्यक्रम ल्याउनु पनि विकास भएकोमा जोड दिनुभयो ।

कार्यक्रममा २ नम्बर वडा अध्यक्ष विष्णुगोपाल महर्जनले आयमूलक कार्यक्रमहरु पालिका र वडाहरुले ल्याउने गरेको बताउनुभयो । अन्य जिल्लामा महिलाहरुले बाजा बजाउने पेसा गर्दै आएकाले अब मकवानपुरमा पनि महिलाको सक्रियता हुने भन्दै २ नम्बर वडाले आर्थिक र सामाजिक रुपान्तरणको काम गर्दै आएकोमा जोड दिनुभयो। १ नम्बर वडा अध्यक्ष न्यौपानेको सभाध्यक्षता तथा हेटौंडा उमहानगर पालिकामा मेयर लामाको प्रमुख आतिथ्यतामा उद्घाटन कार्यक्रम भएको हो । २ नम्बर वडा अध्यक्ष महर्जन, १६ नम्बर वडा अध्यक्ष रामकृष्ण कोइराला, सामाजिक विकास माहाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, बरिष्ठ पत्रकार बिष्टलगायतको उपस्थिति थियो ।

**एसईईपछि...**

आउनुहोस् केही सिकौं, केही गरौं ।

आधारभूत पत्रकारिता तालिम

- समाचार संकलन तथा लेखन
- रेडियोमा समाचार वाचन तथा कार्यक्रम सञ्चालन

**छिटो गर्नुहोस् ।**

९८५५०६८२२७
समृद्ध समाज दैनिक
रेडियो निकास ९३.४ मेगाहर्ज
www.samriddhasamaj.com

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**RELIANCE**
ENGLISH SECONDARY BOARDING SCHOOL

ठेगाना
हेटौंडा-५, सनोपोखारा



भर्ना खुल्यो !!
२०८०
नर्सरी देखि ९ सम्म

| कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| सीट संख्या | ११ | ६ | १२ | ८ | १० | ७ | ९ | ८ | ३ |

थप जानकारीको लागि
९८०२५३९५७७ | ९८०२५३९५७३ | ९८०२५३९५७५

# अकबरको मूल्य



अकबर वीरबलको कथा

मन्त्री तथा भारदारहरुले आफूलाई कतिको मर्यादा राख्छन् होला भनेर बादशाह अकबर बेलाबखत परीक्षण गरिरहन्थे । हास्यविनोद मन पर्ने अनि त्यस कुरामा वीरबललाई जित्ने लालसा हुने तर कहिलै नसकिने अवस्थाबाट बादशाह गुज्रिरहेका पनि थिए । एक बिहान भारदारी सभा सकिएर सबै जना उठ्ने बेला भयो र पनि बादशाह आसनबाट उठेनन् । उनले प्रश्न गरिहाले " भन त मेरा मूल्य कति हो तिमीहरु कतिजनाले तोक्न सक्छौ ।

भारदारहरुले र मन्त्रीहरुले हात जोड्दै भने "महाराज ! हूजुरको पनि कुनै मूल्य हुन्छ ? हुजूर त अमूल्य हुनुहुन्छ ?" अकबर खिस्स हाँसे तर उनलाई थाहा थियो ती भारदार र मन्त्रीहरु चाकडी मात्र भजाइरहेका थिए । त्यतिका मानिस बोल्दा पनि वीरबल भने मौन थिए । उनी सामान्यतया त्यसै गर्थे ।

वीरबल नबोलेसम्म अकबरले चित्त बुझाउने कुरा पनि थिएन । उनी वीरबल तिर फर्के । "वीरबल के हो त राजाको प्रश्नको जवाफ दिनु पर्दैन ?"

"सम्राट ! हुजूरको मूल्य कुनै एक रुपैये हो" वीरबलले जवाफ दिए ।

"कुनै एक रुपये ? तिमी आफ्नो बादशाहको अपमान गर्दछौ वीरबल !", अकबर चिच्याए ।

"महाराज ! यस देशका जौहारीहरु (सुनारहरु) बोलाएर जाँच गराउनुहोस होइन रहेछ भने म दरबार नै छोडिदिन्छु" वीरबलले घोषणा गरे । अब वीरबल पाखा लाग्ने भए भनेर अरु भारदार र मन्त्रीहरु खुशी भए ।

बादशाहले त्यसै दिन शहरभरी झ्याली पिटाएर सुनारहरुलाई दरबारमा बोलाए । आदेशअनुसार भोलिपल्ट सुनार हरु राजसभामा उपस्थित भए ।

राजाले प्रश्न गरे "लौ तिमीहरु नापजाँच गरेर मेरो मूल्य तोक ।"

धेरै सुनारहरु अलमलमा परे । बादशाहको मूल्य कसरी गर्ने ?

एकअर्कोको मुखमा हेर्न थाले तर वीरबलको सम्पर्कमा परिसकेको एक जना सुनार जुरुक्क उठे र भने "महाराज ! हुजूरको मूल्य यही हो" । सुनारले एक रुपैयेका असर्फी देखाए । मानिसहरु चकित परे । अब महाराजले सुनारलाई कडा दण्ड दिन्छन् भनेर अनुमान गर्न थाले ।

"महाराज ! यो असर्फी अरु असर्फी जस्तो आकारमा पनि छैन न रुपमा पनि छैन, छ त ?" सुनारले अरु असर्फीसँगै त्यो असर्फी देखाए । साँच्चै त्यो अरुभन्दा फरक थियो ।

"हो, हाम्रा बादशाह बेजोड हुनुहुन्छ जस्तै यो असर्फी अर्थात यो एक रुपैये" सुनारले भने । उनको कुरा सुनेपछि सबैले ताली बजाए । अकबर पनि निकै खुशी भए । पर बसेर हेरिरहेका वीरबललाई समिपमा बोलाए र वीरबल र सुनारलाई एक साथ अँगालो हाले ।

# हेटौंडा नगर वाङ्मय प्रतिष्ठान र हाम्रो अपेक्षा



निमेष निखिल

वाङ्मयलाई गद्य वा पद्यमा लेखिएका शास्त्र तथा काव्य दुबै प्रकारका खास भाषाका समग्र रचनाहरूको समूह, ग्रन्थ, अभिलेख आदिका रूपमा नेपाली बृहत् शब्दकोशले अर्थ्याएको छ । वास्तवमा वाङ्मय भनेको कुनै पनि स्थानविशेषका जातजाति, भाषाभाषी र तत्स्थानिक समग्र मानव समुदायको वास्तविक परिचय, तिनको सभ्यता, संस्कृति र चिन्तन पद्दतिको द्योतक पनि हो ।

यसै तथ्यलाई मनन गरेर नै नेपालको संविधान २०७२ ले हरेक स्थानीय तहमा भाषा-साहित्य र संस्कृतिको जगेर्ना हेतु स्थानीय सरकारकै एउटा निकायका रूपमा प्रज्ञा प्रतिष्ठान (नाममा प्रज्ञा प्रतिष्ठान नै जोड्नुपर्छ भन्ने छैन) गठन गरी सम्बन्धित क्षेत्रको विकासका लागि कार्य गर्न सकिने व्यवस्था गरेको छ । र, यसै व्यवस्थालाई टेकेर देशका विभिन्न नगर तथा गाउँ पालिकाहरूले प्रज्ञा प्रतिष्ठान गठन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिने खालका गतिविधि समेत सञ्चालन गर्दै आएका छन् ।

हेटौँडा नगर क्षेत्र पनि वाङ्मयिक गतिविधिका दृष्टिले विगतदेखि नै आफ्नो प्रभावशाली उपस्थिति नेपाली साहित्यमा जनाउँदै आएको तथ्य घामजत्तिकै छर्लङ्ग छ । हिजोका लोककवि गणेशलाल श्रेष्ठ, भीम विरागदेखि आजका तुल्सी थापा, आर.सी. रिजाल, साम्ब ढकाल, आर.आर. चौलागाईंलगायत अनेकौं साहित्यकारहरुले हेटौँडाको साहित्यिक माटोलाई मलिलो बनाउन निरन्तर प्रयत्न गर्दै आएका छन् ।

यस्तो विराट् सम्भावना भएको नगरमा स्थानीय सरकारका तर्फबाट वाङ्मय प्रतिष्ठान स्थापना गरी यहाँका वाङ्मयिक गतिविधिलाई संस्थागत गर्दै जानु औचित्यपूर्ण हुन्छ भन्ने उद्देश्यका साथ वर्तमान नगरको नेतृत्व परिवर्तन भएसँगै यो पङ्क्तिकारसहित यहाँका साहित्यकारहरूको एक प्रतिनिधि मण्डलले नवनियुक्त उपप्रमुख श्री राजेश बानियाँलाई भेटेर यस विषयमा छलफल पनि गरेको थियो । तर आजका मितिसम्म यस विषयमा के भइरहेको छ कम्तीमा मलाई कुनै आधिकारिक जानकारी छैन (त्यसो त मलाई जानकारी गराउनुपर्छ भन्ने पनि छैन) । तथापि यसै क्षेत्रमा लामो समयदेखि काम गरेको नाताले केही सल्लाह दिन सकिन्थ्यो भन्ने मात्र मेरो धारणा हो ।

कतै हल्ला सुनेअनुसार हेटौँडा नगर वाङ्मय प्रतिष्ठान (नाम के हो थाहा छैन) गठनको अन्तिम चरणमा छ भन्ने गाइँगुइँ सुनिएको छ । यसै गाइँगुइँलाई केन्द्रमा राखेर केही सुझाव दिनु मैले आफ्नो लेखकीय धर्म ठानेको छु ।

१. लेखकहरूको संस्थाको प्रमुख लेखक नै हुनुपर्छ तसर्थ गठन हुने प्रतिष्ठानमा कुलपति वा कार्यकारी प्रमुख जे राखिने हो त्यो लेखक नै होस् । नगर प्रमुख, उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई कुलपति बनाएर त्यो पदको गरिमालाई घटाउने कार्य नगरियोस् । दृष्टान्तका लागि भरतपुर महानगरपालिका छ । त्यहाँ मेयरलाई कुलपति बनाइएकोमा सर्वत्र विरोध भएको छ । उहाँहरू संरक्षक तथा सल्लाहकारका रूपमा रहनु उचित हुन्छ । पछिल्लो समय बर्दघाट नगर पालिकाले डा. घनश्याम न्यौपाने परि श्रमीलाई कुलपति बनाएको नजिर पनि विचार गरियोस् ।

२. गठन हुने प्रज्ञा प्रतिष्ठान कुनै अमुक पार्टीका कार्यकर्ता भर्ती गर्ने केन्द्र जस्तो नदेखियोस् । पार्टी निकट लेखकहरुका लागि प्रलेस, नेपाली लेखक संघ जस्ता संस्थाहरु छँदै छन् । हेटौँडामा आजसम्म पनि लेखकहरु आस्थाका आधारमा विभाजित भई एउटा पक्षको कार्यक्रममा अर्को पक्ष नजाने असहज वातावरण छैन । तसर्थ बन्न लागेको नगर वाङ्मय प्रतिष्ठान नै त्यसको कारक नबनोस् ।

३. हेटौँडामा लामो समयदेखि क्रियाशील विभिन्न साहित्यिक संस्थाहरु छन् । नगर वाङ्मय प्रतिष्ठानले नगर भित्र रहेका सबै साहित्यिक तथा सांस्कृतिक सङ्घ संगठनहरूसँग सहकार्य गरेर अघि बढ्ने नीति अवलम्बन गरोस् ।

४. नगर वाङ्मय प्रतिष्ठानले यहाँको भाषा, कला, साहित्य क्षेत्रमा लागेका व्यक्तिहरूको व्यक्तिगत विवरण संकलन गरी लेखक कोश निर्माण गर्ने, साहित्यको इतिहास लेखन गर्ने लगायतका कामलाई प्राथमिकतामा राखोस् ।

५. प्रतिष्ठानले वार्षिक रुपमा यस नगरको समग्र साहित्यको प्रतिनिधित्व हुन सक्ने खालको स्तरीय स्मारिका प्रकाशन गर्ने कार्यको आरम्भ गरोस् ।

६. लेखकहरूका स्तरीय कृतिहरु प्रकाशन गर्ने कार्यमा अभिभावकत्व ग्रहण गरोस् ।

७. वर्षमा कम्तीमा एउटा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको साहित्य सम्मेलन आयोजना गर्ने काम गरोस् ।

८. विभिन्न विधाका लेखकहरूलाई निष्पक्ष ढङ्गले सम्मान गर्ने परिपाटी बसालोस् ।

९. युवा र नवपुस्ता केन्द्रित प्रशिक्षणात्मक कार्यशालाहरु सञ्चालन गरी नयाँ पुस्तालाई साहित्यप्रति आकर्षित गर्ने काम गरोस् ।

अन्तमा हेटौँडा नगरमा बन्न लागेको नगर वाङ्मय प्रतिष्ठान उदाहरणीय तथा यहाँका सबै विचारका लेखकको साझा संस्था बन्न सकोस् । सबै लेखकले अपनत्व अनुभव गर्न सकुन् र अब देशका अन्य भागमा गठन हुने यस प्रकारका संस्थाहरुका लागि हाम्रो नगर वाङ्मय प्रतिष्ठान उदाहरणीय बन्न सकोस् । यो नै हामी आम लेखकको अपेक्षा हो ।

धन्यवाद !

# "कालो छायाँ"



श्याम श्रेष्ठ

लघुकथा

"तँ घुस्याहा होस्" उसलाई कोही एकजना अगाडि उभिएर भनिरहेको जस्तो लाग्यो । यथार्थमा उ ऐना हेरि यस्तो सोचिरहेको थियो ।

उसको मुहार कालो-निलो भयो ।

उसलाई फेरि अगाडिको व्यक्तिले "तँ भ्रष्टाचारी होस्" भनी दोष लगायो ।

उसको कानमा क्रमशः गुन्जियो, "देशद्रोही, जनद्रोही ।"

"देशद्रोही र जनद्रोही" भनेको सुनेर उ अत्यन्तै क्रोधित भयो । अगाडिको ऐना उठायो र २ टुक्रा हुने गरि फुटायो ।

ऐना हेर्‍यो, एक क्षण अगाडिसम्म एकजना देखिएको उसले अहिले २ जना देख्यो । उसलाई दुबैले गाली गरिरहेको जस्तो लाग्यो । उसले पालैसँग दुइटै ऐना उठायो, पालै पालो फुटायो । उसले फेरि अगाडि हेर्‍यो, दुईबाट ४ वटा भएको थियो । ती चार वटैले गाली गरिरहेको जस्तो लाग्यो । उसको रिसको सीमा नाघ्दै गयो, उसले पुनः ऐनालाई क्रमशः फुटाउँदै गयो । हरेक टुक्रामा उसले पुनः हेर्‍यो, गुणात्मक रुपमा बृद्धि हुँदै गएको हरेक टुक्राले उसलाई "तँ जनद्रोही र देशद्रोही होस्" भनी भनिरहेको जस्तो लाग्यो ।

अन्तमा उसले हार मान्दै भन्यो, "हो, म सत्य स्विकार्दछु, मैले देश र जनताप्रति अपराध गरेँ, अपराधको परिणाम जो कोहिले ढिलो चाँडो भोग्नै पर्दो रहेछ । मेरो आँखा आज खोलेको छ, मलाई माफ गरी अपराधको कालो छायाँबाट मुक्त गरिदेउ ! अबदेखि म जनता र देशका लागि इमानदार भएर काम गर्नेछु ।"

# "मातृप्रेम"



पं ज्यो.,तोयनाथ सुवेदी

लघुकथा

भक्ति सानो छँदा बहिनी लिँदै आमाले आफूलाई छोडेर
हिडिन् । कहाँ गइन् पत्ता भएन । उ माइलाबा र ठूलोबा कहाँ
दु:खजेलो गरेर हुर्कियो ।

उ बिस्तारै विद्यालय जानथाल्यो । पढ्दै जाँदा विद्यालयइय शिक्षा हाँसिल गर्‍यो । विदेशिएका बुवा पछि आइपुग्नु भयो ।

छोराले बुवाको प्रत्यक्ष विवाह हेर्ने अवसर पायो ।

समय बित्दै जाँदा क घर छोडेर पढ्नका लागि शहर गयो ।

शहरमा बस्दै गर्दा आफूलाई जन्मदिने आमा हेटौंडा आएकी छन् भन्ने थाहा भयो । खोज्दै जाने क्रममा बसबाट उ बसपार्कमा ओर्लियो । सम्पूर्ण पसल चहार्दै सोध्दै गर्दा चियापसल छ भन्ने कुरा पत्ता लगायो ।

एक्कासी देखादेख हुँदा उनले आफ्नो छोरालाई चिने पनि नचिने जस्तो गरिन् । उसले भन्यो' तपाईं मेरी आमा हुनुहुन्छ ।

जन्मदिने आमा ! खै दण्डवत् गरौ ।' महिलालेभनिन्, "तिमी को हौ ?" 'म तपाइँको छोरो भक्ति क्या' । अहँ मेरा त छोरा छोरी नै भएका छैनन् ? बिहा गरेको त एक वर्ष भयो । कहाँ तिमी मलाई के के ... भन्छौ ? तपाईंले मलाई नचिने पनि म त तपाईंलाई राम्ररी चिन्छु नि...। मातृवात्सल्य मेटिन्न आमा टाढा
भए पनि ..भन्दै क अलप भयो । समाप्त ।

ओखल्दुङ्गा
हाल: हेटौंडा-८, कमाने, मकवानपुर ।

## गाउँखाने कथा

१. खुट्टा छैन टाढा जान्छ, पण्डित हैन साक्षर छ, मुख हैन कुरा गर्छ ।
- चिठ्ठी

२. खुट्टा चरोको परखँटा हुँदैन ।
- बञ्चरो

३. जत्रो भाँडो उत्रै बिर्को ।
- पृथ्वी र आकाश

४. कुनाकाप्चा फोहोरमा लुकी छिपी बस्छ, मौका परे उफ्रि–उफ्रि हाम्रो रगत चुस्छ ।
- उपियाँ

५. के हो तिम्रो नाउँ, कहाँ हो तिम्रो बास,कताबाट आयौ एकै छिनमा पार्‍यौ सत्यानास ?
- भुइँचालो

**तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**

sambridhasamaj@gmail.com

**समृद्ध समाज राष्ट्रिय दैनिक**

# सञ्चार तातो गर



रियाज कार्की

भित्रै भित्र कुहाउँदै जहरिला सामान बाढ्दै छ जो
अर्कोको पसिना पिएर जसले सत्ता समाल्दै गयो
गन्दा फोहर सोच राख्छ मनमा मान्दै नमानी घिन
चिप्लो घस्छ बजारिदै मगजमा छारो धुलौटे किन ॥

नाफा केवल भन्छ बुझ्छ धनकै विज्ञान भाषाहरु
भन्छन् मान र सान किन्छु धनले सम्बन्ध बिक्री गरुँ
खाडी पस्न गराउँछन् विवश नै बिर्सी जवानी यहाँ
हाम्रै बास जलाउँदै सडकमा बेच्छन् खरानी यहाँ ॥

कौवा बन्दछ कोइली रङ धसी देख्दा सड्या खर्भुजा
कालो याम झुलाउँदै छ पिङमा ओछ्यान पार्दै धुजा
आँखा निभ्छ चियाउने सकसमा मर्दा छिमेकी यहाँ
ओढ्दै खोल बिहान ढक्छ धमिरे बन्दै तुषारो यहाँ ॥

ठेकेदार दिदैन मूल्य श्रमको आन्द्रा बटार्ने झनै
हेर्दा बाहिर सौम्य रुप रहने छन् भित्र दर्भाव नै
भुल्छन् ती पहिचान बाघ स्वयमै निर्धा परे मारमा
हात्ती मै हुं भनेर थिच्छ हलुको ढुङ्गा बनी झारमा ॥

ठन्डा भा छ जम्या छ चेतनहरु संचार तातो गर
आँखी झ्याल उघार उत्तम हुन् आशा उज्यालो भर
यस्तो सोच बनाउ फेरि कहिल्यै फेर्नै नपर्ने गरी
यस्तो गाउँ बनाउ अन्य स्थलमा हेर्ने नपर्ने गरी ॥

# हजुरआमाको सम्झनामा



आश्रृया दुलाल

ऐ आमा ! तिमी कहाँ छौ भन्देउन
खोज्दा खोज्दै थाकिसके मान्देउन
आमा तिमी कहाँ गयौ थाहा छैन
तिमी थियौ नि साथमा केही को डर छैन ॥

सानो हुँदा तिमीले मलाई खुवायौ
रुन्थे म, हत्केलामा लिई हसायौ
जति बिगो गरे नि कमी थिएन मायामा
घाम पर्थ्यो आँखामा,बुझी राख्यौ छायाँमा ॥

हात समाइ अगाडि बढ्न सिकायौ
पढ्न लेख्न आउदैन थियो सबै बुझायौ
तिमी बिना जीवनको पाइला अधुरो
बाबा, मामु, बुनु हामी सबै अपूरो ॥

तिम्रै प्रेरणाले अघि बढ्छु म त
ज्ञानी बन्छु नाम राख्छु, धेरै पढ्छु म त
आमा तिम्रो हसिलो मुहार हेर्न मन छ
अर्को जुनी यो नातिनी, छोरी हुन मन छ ॥

कक्षाः ७
बालजागृति ईंग्लिस सेकेण्डरी स्कुल

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं, भर्ना अभियान सफल पारौं । बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।

समृद्ध समाज राष्ट्रिय दैनिक

# बा म नेता बनें



संप्रस पौडेल

बा
जसले गाई चराउनु भयो
जिन्दगीभर ।

गाउँमा पढाइ सकेपछि
शहर पठाउनु भयो मलाई ।

म शहर आउनु र बालाई बुढेसकाल लाग्नु
सँगसँगै भएको हो ।

बा उता चरन खोज्दै हुनुहुन्थ्यो
म यता चरम दुख खेप्दै थिएँ ।

कलेज तिर्न ल्याएको पैसा
डेरा भारामैं सकिन्थ्यो ।

कलेजमा पढाईभन्दा ज्यादा
बन्दाबन्दी चल्थ्यो ।

विद्यार्थीका चुनावमा
गाउँको चुनावको झल्को आउँथ्यो
नमस्कार, नमस्कार भोट मलाई भोट मलाई ।

शुरुशुरुमा आफू भ्याङ बनेरै
भोट हालियो ।
भ्याङ सँधै भ्याङ मात्रै रहेन
अर्थात्
अग्रास पलायो र बन्यो विद्यार्थी नेता ।

फलानाका सन्तानझैं राजनीति गरेर बिग्रेलास् नि, राम्ररी पढ्
छिमेकीको मोबाइलबाट भन्नुहुन्थ्यो बा ।
खुबै पढैं
नेताका विचार र लडाउने र लडाउने योजना
पढैं पर्चा, पम्प्लेट र चेतावनीका विज्ञप्ती ।

सानोतिनो काम पाए गर्
कामले मेरा मुटु पड्किन लागिसक्यो
यसै भन्नुहुन्थ्यो बा ।

ठूलै काम गरैं
टायरका मुस्लो निकालैं
प्रहरीलाई ढुंगामुढा हानैं
विपक्षीलाई चड्काएँ
आफ्नै गुटलाई पड्काएँ
स्याबास भन्ने पनि त कोही थियो ।

घर आउँदा सीम ल्याइदिनु
आदेश दिनुभो बाले
मोबाइल किन्नु भएछ
दुध बेचेर आएको पैसाले ।

एकदिन बाको मोबाइलबाट फोन आयो
एकै श्वासमा भन्नुभयो-
म ज्यादै बुढो भएँ
गाईगोरु बेचिदिएँ
अब बाख्रा पाल्छु
यसैलाई चराउँछु ।

म पनि यता गोठालै भइसकेको थिएँ
बालाई भन्न मन थियो-
गोठालोको सन्तान गोठालै भएँ बा
अर्थात् म नेता बनैं
ठोक भन्दा ठोक्नेछन्
रोक भन्दा रोक्नेछन्
बोक भन्दा बोक्नेछन्
जाग् भन्दा जाग्छन्
भाग् भन्दा भाग्छन्
कहिले मने मने भन्छु
म्याँ गर्दै आउँछन् ।

कहिले हँ गर्छु
भुर्र उड्छन् ।

कहिले चोइ चोइ गर्छु
चुइँचुइँ गर्दै पुच्छर हल्लाउँदै धाउँछन् ।

कहिले धर् गर्छु
त्यही पुच्छर लुकाएर निहुरिन्छन् ।

रातरातभर बर्बराउँछु
दिनदिनभर लर्बराउँछु ।

कहिले सदनमा हराउँछु
कहिले सडकमा कराउँछु

झुण्डपिच्छे चारा, दाना, भुस्सा छराउँछु
हो बा आजकाल म मान्छे चराउँछु ।

# मेरो देश यस्तो होस्



सरोजप्रसाद साह

सत्ताको यो खेल समाप्त, दुःखको वनबास होस् ।
नारी पुरुष सबै सम्मानित, चरित्रवान समाज बनोस ॥
बालबालमा देशप्रेम, चरित्रको श्रृंगार होस् ॥।
मेरो देश यस्तो होस् ॥॥२



समृद्धि र सरल किसानी, कृषकप्रति सम्मान होस् ।
युवा-युवामा देशको चिन्ता, नवयुगको सुरुवात होस् ॥
शिखर-शिखरमा नेपाली झण्डा, आत्मनिर्भर नेपाल बनोस् ॥।
मेरो देश यस्तो होस् ॥॥२



आधुनिक उद्योग र अर्थ, आधुनिक विज्ञान होस् ।
धर्म-धर्ममा भाईचारा, एकताको उडान होस् ॥
सुन्दरता र एकताले, अतिथिको सम्मान होस् ॥।
मेरो देश यस्तो होस् ॥॥२



हृदयभित्र देशबासीमा, मानवताको बास होस् ।
विश्वशान्ति र समर्थले, विश्वको कल्याण गरोस् ॥
सिंहको भाँती वीरता र दिल सबैको साफ होस् ॥।
मेरो देश यस्तो होस् ॥॥२



आँधी जस्तो जोस् सबैमा, पृथ्वि जस्तो आँ होस् ।
अन्तरिक्षमा नेपाली हलो, सत्यको बाटो समथ होस् ॥
युवा-युवामा जीतको दिपक, दयावान समाज बनोस् ॥।
मेरो देश यस्तो होस् ॥॥२

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशिः** जिम्मेवारी र दायित्व बढ्ने समय योग छ । घरायसी काममा आजको दिन बित्ला । मानसिक संवेग र दुर्बलताले शरीर कमजोर होला । विवादस्पद काममा जुट्नु पर्ला । व्यापार–व्यवसाय मध्यमकारक छ । धार्मिक र सामाजिक काममा सरिक भइने समय छ । दाम्पत्य सम्बन्धमा तालमेलको कमी होला । अध्ययन–अध्यापनमा कमी आउला ।

**वृष राशिः** पराक्रम बढ्ने र प्रतिष्ठित बढ्ने समय छ । सामाजिक र परोपकारी काममा आकर्षण बढ्ने छ । सहयोगी र मित्रवर्गको साथ सहयोग प्राप्त होला । हिम्मत र साहसले काममा पूर्णता प्राप्त । आत्मविश्वासले सफलता प्राप्त होला । व्यापार–व्यवसाय ठिकै रहला । पुराना समस्याले सताउने छ । अध्ययन–अध्यापन ठिकै रहला ।

**मिथुन राशिः** आश मारेको धन फिर्ता होला । आर्थिक हैसियत वृद्धि गर्न भौतिक सम्मृद्धि बढाउने समय छ । यात्रा योग र भेटघाटमा समय व्यतित होला । मीठो भोजन प्राप्ति । पारिवारीक आनन्द प्राप्ति होला । जागिरेका लागी नयाँ जिम्मेवारी प्राप्त होला । परोपकार र पुण्यकार्यमा सरिक भइने छ । पढाइ–लेखाइ मध्यमकारक छ ।

**कर्कट राशिः** नयाँ अवसरले प्रतिक्षा गर्ला । चुनौति हटाएर काममा पूर्णता होला । परिश्रम र संघर्षले आफ्नो प्रतिष्ठा कायम राख्न सकिने छ । संवाद र कुराकानी महत्वपूर्ण होला । कामबाट लाभ प्राप्त होला । सहशील बन्नाले शत्रु पराजित होलान् । व्यापार–व्यवसाय मध्यमफलदायी होला । पढाइ–लेखाइ मध्यमकारक रहने समयको योग छ ।

**सिंह राशिः** आर्थिक पक्ष बोधक बन्न सक्छ । महत्वकांक्षा त्यागी अगाडी बढ्दा राम्रो । संघर्ष र चुनौति झेल्ने समय छ । व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । कुविचार, भ्रम, चिन्ता र शङ्का बढ्न सक्छ । साना कुराहरुमा अल्मलिनु राम्रो होइन । स्वास्थ्यमा समस्या आउला । सुख सुविधा बढ्न सक्छ । पढाइ–लेखाइ भने ठिकै छ ।

**कन्या राशिः** लगानी बढाउन सकिने भएपनि लाभ प्राप्त नहोला । प्रयास गर्दा आम्दानी बढ्ला । उठ्नु पर्ने रकम हात लाग्ला । कामधन्दाबाट सन्तुष्टि मिल्ला । आयस्रोत बढ्नाले इच्छाएको क्षेत्रमा खर्च बढ्ला । व्यापार–व्यवसाय कृषि पशुबाट लाभ प्राप्त । भौतिक साधनमा वृद्धि होला । परिवारको आवश्यकताको पूर्ति हुने समय योग छ ।

**तुला राशिः** प्राप्त अवसरहरुको उपयोग गर्ने समय छ । ठूलाबडाको सहयोग लिन सकिने छ । भूमि, वाहन र यैत्रिक सम्पत्तिबाट लाभ मिल्ने छ । पठन–पाठनका काममा ध्यान केन्द्रित नहुन सक्छ । व्यापार–व्यवसायका कामहरु मध्यमफलदायी हुन्छन् । स्वास्थ्यमा धन र मन केन्द्रित रहन सक्छ । आफ्नो काम गर्ने कमै होलान् । अरुको काममा व्यस्त भइने छ । मन विचलित र शारीरिक स्वास्थ्यमा कमी आउला ।

**वृश्चिक राशिः** समय मिश्रित रहेको छ । यात्रा योग र भेटघाटमा समय व्यतित रहने समय छ । आफन्तहरु बिराना जस्ता बन्लान् । अरुको जति भलो गरे पनि तपाईको कुभलो गर्न कमी हुने छैन । कृषि–पशु व्यापार–व्यवसाय मध्यम फलदायी रहेको देखिन्छ । धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।

**धनु राशिः** शरीरमा थकान र उत्साहमा कमी आउला । आफू भन्दा आफन्तका काममा लागि परिएला । नयाँ कामका लागी कानुनी कुरामा ख्याल गर्दा राम्रो । गोपनियता बाहिरिने भएकाले प्रशासनिक समस्या होला । आगो र हातहतियारजन्य वस्तुबाट बच्दा राम्रो । लेनदेनमा विश्वास आइपर्ला । सहयोगी र अरुको भरपर्दा काममा बाधा । धार्मिक तथा सामाजिक काममा लागी परिएला ।

**मकर राशिः** व्यक्तित्व विकास हुनेछ । बाल निर्णयको क्षमतामा वृद्धि होला । र मणीय स्थानमा घुम्न गइने समयको योग छ । कार्यक्षेत्रमा लगनशील भएर लागी परिएला । व्यापार–व्यवसायका क्षेत्रमा कामबाट लाभ प्राप्त हुनेछ । पढाइ–लेखाइका क्षेत्रमा समय व्यतित होला । धार्मिक तथा सामाजिक अनि राजनैतिक क्षेत्रमा समय व्यतित होला ।

**कुम्भ राशिः** समय मध्यमकारक देखिन्छ । धार्मिक तिर्थस्थलहरुको भ्रमण हुनेछ । आलस्य बढ्ने समय योग छ । पठनपाठनमा जाँगर चल्दैन । सामाजिक काममा धेरै समय बित्ने छ ।मानसिक तनाव र स्वास्थ्यसम्बन्धी समस्या योग छ । आर्थिक संकट र गर्न खोजेका कामहरु अधुरै रहने समय छ ।

**मीन राशिः** समय ठिकै छ । आम्दानी बढ्ने समय छ । नयाँ नयाँ बाटाहरु बन्नेछन् । साथीभाइ र आफन्तको सहयोग मिल्ने समय छ । सञ्चित धनको नास हुनेछ । आफन्तमा वैरभाव बढ्ला । अध्ययन–अध्यापन कार्य सफल रहने छ । साँझेदारी काममा बाधा पर्नेछ । तिर्थस्थलको भ्रमण होला । सामाजिक क्षेत्रबाट सम्मान होला ।

# राम्रो सुरुवात



सायांसा श्रेष्ठ

उज्यालो दिन त आयो भन्दछन्
तर के यो राम्रो सुरुवात हो ?

सकारात्मक सोच बोकी हिँड्दा पनि
उसको अगाडि किन कमजोर हुन्छ ?

अहिले पनि त्यो निसान बोकेर हिँड्छ
कसैले के भएको भनि सोध्दा मुस्कुराउँछ ।

तर के थाहा यिनीहरुलाई मेरो पीडा
अगाडि ल्याउन त्यसैले त म मुस्कुराउँछु ।

दिन बित्दै समय बित्दै गयो
तर त्यो रातले मेरो राम्रो सुरुवात ल्याउन सकेन

किन ? मैले आफूलाई सोधैं
कहिले हुने हो मेरो राम्रो सुरुवात ?

कक्षा-९
नवोदय शिशु सदन हेटौंडा-४




स्वादिष्ट नेवारी खाजा





अब होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।


() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

के तपाई पौडी सिक्न चाहनुहुन्छ ?

**सहभागी हुन सक्ने उमेरः**
७ बर्ष भन्दा माथी
**समयः**
विहानः ८:00 बजे देखि ११: 00 बजेसम्म
दिउँसोः २:00 बजेदेखि ५: बजेसम्म



थप जानकारीको लगि सम्पर्कः
HETAUDA FUTSAL AND SPORTS CENTER
BHUWAN SINGH PATH, KAMALDANDA, HETAUDA
CONTACT NO. 9845700596, 057-523533

